# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २५


*"परमेश्वरले घमन्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ। यसकारण आफूलाई परमेश्वरको अधीनतामा सुम्प! शैतानको सामना गर, र त्यो तिमीहरूबाट भाग्नेछ।"*
*(याकूब ४:६-७)*

मेरो जीवनमाथि शासन कसले गर्नेछ—मेरो शरीरले कि मेरो आत्माले? मेरो ख्रीष्टियन जीवनको मार्ग कसले निर्धारण गर्नेछ—मरणशीलता र असफलताले भरिएको यो शरीरले, कि प्रभु येशूले मभित्र राखिदिनुभएको स्वतन्त्रताको आत्माले?

के म पाप, परीक्षा र दुष्ट अभिलाषाले बाँधिएको यस शरीरको दास बनेर आफ्नो ख्रीष्टियन जीवन बिताउनेछु? वा, विश्वासद्वारा आत्मामा प्रभु येशूसँग भएको आफ्नो स्थान ग्रहण गर्दै शैतानलाई दृढतापूर्वक भन्नेछु, "यहाँबाट हट्। तेरोसँग मेरो कुनै सरोकार छैन।" -Alan Redpath

## परमेश्वरको काम

परमेश्वरले आफ्ना सबै व्यवस्थाहरूमा सधैं हाम्रो हितका लागि काम गरिरहनुभएको हुन्छ। समृद्धिमा उहाँले हाम्रो कृतज्ञता जाँच्नुहुन्छ; साधारण अवस्थामा हाम्रो सन्तुष्टता; दुःख-विपत्तिमा हाम्रो आत्मसमर्पण; अन्धकारमय समयमा हाम्रो विश्वास; परीक्षाको घडीमा हाम्रो अटलता; अनि हर समय उहाँप्रतिको हाम्रो आज्ञाकारिता र भरोसाको परीक्षा लिनुहुन्छ। -JFH

## "आजै आउनुहुन्छ जस्तो सम्झेर!"

*"यी कुराहरूको गवाही दिनुहुनेले भन्नुहुन्छ: 'साँच्ची नै म चाँडै आउँछु!' 'आमेन! ज्यू, आउनुहोस्, हे प्रभु येशू!' "* (प्रकाश २२:२०)

इटालीका एउटा रमणीय राजसी सम्पदाको सुन्दर बगैंचा अवलोकन गर्न गएका एक पर्यटकले त्यहाँका बगैंचा हेरचाह गर्ने व्यक्तिसँग भएको आफ्नो संवाद यसरी वर्णन गरेका छन्।

"तपाईं यहाँ कति वर्षदेखि काम गर्दै आउनुभएको छ?" उनले सोधे। "पच्चीस वर्ष भयो," हेरालुले उत्तर दिए। "यी सम्पत्तिका मालिक यहाँ कति पटक आउनुभएको छ?" "जम्मा चार पटक।" "उहाँ अन्तिम पटक कहिले आउनुभएको थियो?" "बाह्र वर्षअघि।" "उहाँले तपाईंलाई पत्राचार त गर्नुहुन्छ होला नि?" "कहिल्यै गर्नुहुन्न।" "त्यसो भए निर्देशन कसबाट पाउनुहुन्छ?" "मिलानमा बस्ने व्यवस्थापकबाट।" "उहाँचाहिँ बेलाबेलामा आउनुहुन्छ?" "उहाँ पनि कहिल्यै आउनुहुन्न।" "त्यसो भए यहाँको रेखदेख गर्ने अरू कोही आउँदैन?" "प्रायः म एक्लै हुन्छु। अपरिचित मानिसहरू त विरलै देख्न पाउँछु।" पर्यटकले वरिपरि हेर्दै भने, "तैपनि तपाईंले यो बगैंचालाई यति सफा, सुन्दर र सुव्यवस्थित राख्नुभएको छ कि हेर्दा भोलि नै मालिक आउँदै हुनुहुन्छ जस्तो लाग्छ।" हेरालुले तुरुन्तै जवाफ दिए, "भोलि होइन, हजुर—आजै आउनुहुन्छ जस्तो सम्झेर!"

— Roy W. Gustafson

## बाइबल आखिर कसका लागि खतरनाक छ?

'सच्चाइ' वा 'पिता परमेश्वर' भन्ने समूहले आफ्ना अनुयायीहरूलाई बाइबल पढ्न निरुत्साहित गर्छ। किन होला? सम्पूर्ण बाइबल त "शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति, धार्मिकतासम्बन्धी तालिमका निम्ति लाभदायक छ" भनेर प्रेरित पावलले २ तिमोथी ३:१६ मा लेखेका छन्। साथै रोमन क्याथोलिक चर्चले पनि बाइबललाई 'खतरनाक' पुस्तक ठान्छ। तर बाइबल आखिर कसका लागि खतरनाक छ?

यो अविश्वासका लागि खतरनाक छ, किनकि यसले त्यसलाई चकनाचूर पार्छ। यो पापका लागि खतरनाक छ, किनकि यसले त्यसको दोष देखाएर त्यसलाई दण्डयोग्य ठहराउँछ। यो शैतानका लागि खतरनाक छ, किनकि यसले उसको सिंहासन नै ढालिदिन्छ। यो झूटा धर्महरूका लागि खतरनाक छ, किनकि यसले तिनको मुखौटा उतारिदिन्छ। अनि जनताबाट बाइबल लुकाउने साहस गर्ने हरेक चर्चका लागि पनि यो खतरनाक छ, किनकि यसले त्यसका अपराधपूर्ण छलकपट र विनाशकारी भ्रमहरूलाई पर्दाफास गरिदिन्छ।

- Adapted from JFH



© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ६ [४ मध्ये भाग ४]

## विकासवादको सिद्धान्तको प्रभाव

सन् १८५९ मा डार्विनको *Origin of Species* प्रकाशित भएपछि वैज्ञानिक तथा धार्मिक जगत् नै हल्लियो। यस पुस्तकमा उनले जीवहरू सरल रूपबाट क्रमशः जटिल रूपतर्फ विकास भएको प्रमाण प्रस्तुत गर्न खोजे, प्राकृतिक छनोट (natural selection) अथवा योग्यतमको अस्तित्व (survival of the fittest) को प्रक्रियाद्वारा विकास कसरी हुन्छ भन्ने तर्कसंगत व्याख्या दिए, र यही सिद्धान्तलाई प्रयोग गरेर मानवजातिको उत्पत्तिको व्याख्या गर्न खोजे।



*विकासवादका प्रमुख प्रवर्तक चार्ल्स डार्विन* (१८०९–१८८२)

समय बित्दै जाँदा विकासवादको सिद्धान्त जीव-विज्ञानमा मात्र सीमित रहेन; यसलाई धर्ममा पनि लागू गरियो। ख्रीष्टियन विश्वास-माथि यसको प्रभाव अत्यन्तै गम्भीर थियो। पहिलो, मानिस तल्लो जीव रूपहरूबाट विकसित भएको हो भन्ने दाबीले मानिस परमेश्वरको प्रत्यक्ष र विशेष सृष्टि हो भन्ने बाइबलीय शिक्षामाथि सीधा प्रहार गऱ्यो। दोस्रो, मानिसको उत्पत्तिलाई लाखौँ वर्ष पछाडि धकेलेर यसले मानव इतिहासमा यहूदी-ख्रीष्टियन परम्पराको केन्द्रीय स्थानमाथि शङ्का उत्पन्न गऱ्यो। तेस्रो, मानिसको पतनसम्बन्धी बाइबलीय विवरणमाथि प्रश्न उठाउँदै यसले पापको नयाँ परिभाषा प्रस्तुत गऱ्यो। विकासवादअनुसार पाप मानिसमा अझै बाँकी रहेको पशु-प्रवृत्तिको अवशेष मात्र हो। चौथो, पापसम्बन्धी यस नयाँ अवधारणाले उद्धारको नयाँ व्याख्या जन्मायो। मानिसको पापको दण्ड तिर्न उसको सट्टामा कुनै उद्धारकर्ता मर्नुपर्ने आवश्यकता रहेन। त्यसैले येशू ख्रीष्टको कार्य प्रतिस्थापनात्मक प्रायश्चित्त (substitutionary atonement) गर्नु नभई मानिसलाई आफ्ना पशु-प्रवृत्तिमाथि क्रमशः विजय प्राप्त गर्न शिक्षा दिनु मात्र ठहरियो। फलस्वरूप, उद्धारलाई मानिसले आफ्ना पशु-प्रवृत्तिहरूमाथि क्रमिक रूपमा विजय हासिल गर्ने शैक्षिक प्रक्रियाका रूपमा बुझ्न थालियो।

पाँचौँ, विकासवादले ख्रीष्टियनमत, बाइबल र परमेश्वरसम्बन्धी धारणालाई मानिसको धार्मिक चेतनाको विकासक्रमबाट उत्पन्न भएका उपजका रूपमा चित्रण गऱ्यो। यस दृष्टिकोणअनुसार ख्रीष्टियनमत र अन्य धर्महरूबीचको भिन्नता सत्य र असत्यको नभई मानिसको धार्मिक चेतनाको विकासका विभिन्न चरणहरूको मात्र हो, जसमा ख्रीष्टियनमतलाई सबैभन्दा विकसित चरण मानिन्छ। छैटौँ, यदि धर्म निरन्तर विकसित भइरहने प्रक्रिया हो भने, सबै मानिस र सबै युगका लागि समान रूपमा बाध्यकारी कुनै निरपेक्ष नैतिक सत्य रहँदैन। “असल आचरण भनेको समाजको हितका लागि प्रत्येक पुस्ताले उपयुक्त ठहराएका कार्यहरू मात्र हुन्।” (Earle E. Cairns)

विकासवादलाई सत्य मानेकाहरूमा यसले दुई भिन्न मानसिक दृष्टिकोण जन्मायो। एउटा थियो निराशावाद। केही मानिसहरूले विकास प्रक्रियामा हुने “रक्तरञ्जित दाँत-नङको सङ्घर्ष” तथा त्यससँगै हुने निरर्थक पीडा र विनाशलाई सर्वशक्तिमान् तथा असल सृष्टिकर्ता परमेश्वरको अस्तित्वसँग मेल गराउन सकेनन्। उनीहरूलाई संसारमा सबै कुरा केवल संयोगवश भइरहेको जस्तो लाग्यो। त्यसैले तिनीहरूले जीवन र मानव अस्तित्वको पछाडि कुनै बुद्धिसम्पन्न उद्देश्य छैन भन्ने निष्कर्ष निकाले। यस्तो निष्कर्षमा पुगेका एक आधुनिक विकासवादीले यसरी लेखेका छन्:

> “मानिस कुनै उद्देश्यविहीन र भौतिकवादी प्रक्रियाको परिणाम हो, जसले मानिसलाई लक्ष्य बनाएर काम गरेको थिएन। मानिस कुनै योजनाअनुसार अस्तित्वमा आएको होइन। ऊ पदार्थको एउटा अवस्था, जीवनको एउटा रूप, एक प्रकारको जनावर, अर्थात् प्राइमेट (Primates) गणको एउटा प्रजाति मात्र हो, जसको सम्पूर्ण भौतिक जगतसँग—नजिक वा टाढाको—सम्बन्ध छ।” (G.G. Simpson)

तर उन्नाइसौँ शताब्दीका धेरै प्रोटेस्टेन्टहरूमा विकासवादले यसको ठीक विपरीत प्रभाव पाऱ्यो। उनीहरूले विकासवादलाई परमेश्वरले जीवनको सृष्टि गर्न र त्यसलाई कायम राख्न प्रयोग गर्नुहुने प्रक्रिया ठाने। त्यसैले परमेश्वरले प्रकृतिको नियमलाई चमत्कारपूर्ण रूपमा हस्तक्षेप गरेर होइन, प्राकृतिक प्रक्रियाहरूमार्फत कार्य गर्नुहुन्छ भन्ने धारणा बलियो बन्यो। यसले परमेश्वरको अन्तर्निहित उपस्थितिलाई (immanence) विशेष जोड दियो—अर्थात् उहाँ सर्वत्र उपस्थित हुनुहुन्छ भन्ने विचारलाई। यस दृष्टिकोणले परमेश्वरले प्रत्यक्ष हस्तक्षेपद्वारा भविष्यमा आफ्नो ईश्वर-शासित राज्य स्थापना गरी सिद्ध व्यवस्था ल्याउनुहुने बाइबलीय

अवधारणालाई अस्वीकार गऱ्यो। यसको सट्टा, मानव प्रयासद्वारा संसार क्रमशः अझ राम्रो बन्दै जानेछ भन्ने विश्वासलाई स्थापित गरियो। यसरी विकासवाद ख्रीष्टियन विश्वासका अनेक पक्षहरूमाथि आक्रमण गर्न शैतानको एउटा अत्यन्तै शक्तिशाली हतियार बन्यो।

## उन्नाइसौँ शताब्दीमा भएको ईश्वरीय प्रत्याक्रमण

शैतानले त्रुटिपूर्ण दार्शनिक विचारहरू, विनाशकारी आलोचनावाद, वाणिज्यवाद, साम्यवादी विचारहरू र विकासवादको माध्यमबाट परमेश्वरको राज्यमाथि आक्रमण गरिरहँदा, परमेश्वरले पनि आफ्ना साक्षीहरूलाई सक्रिय रूपमा खडा गरेर त्यसको प्रतिकार गरिरहनुभएको थियो। उन्नाइसौँ शताब्दी अभूतपूर्व प्रोटेस्टेन्ट मिसनरी आन्दोलनको युग थियो। इङ्गल्यान्ड र अमेरिकामा धेरै मिसन बोर्डहरूको स्थापना भयो। विलियम केरी, डेभिड लिभिङ्स्टोन र एडोनिराम जडसन-जस्ता अग्रगामी मिसनरीहरूले भारत, अफ्रिका, चीन तथा अन्य धेरै देशहरूमा सुसमाचार पुऱ्याए। अमेरिकामा पनि दोस्रो महान् आत्मिक जागृति (Second Great Awakening) आयो, जसले पहिलो आत्मिक जागृतिपछि पुनः अनेकौं सीमावर्ती क्षेत्रहरूमा व्यापक पुनर्जागरण ल्यायो। केही शिक्षण संस्थाहरू सत्यत्यागतर्फ लाग्न थालेपछि परमेश्वरले एन्डोभर (Andover) र प्रिन्सटन सेमिनरी (Princeton Seminary) जस्ता नयाँ संस्थाहरू खडा गर्नुभयो, जहाँ मानिसहरूलाई साँचो विश्वासमा प्रशिक्षण दिइन्थ्यो। यस अवधिभर चार्ल्स फिन्नी, डी.एल. मुडी र आर.ए. टोरीजस्ता प्रचारकहरूले व्यापक सुसमाचार प्रचार गरे। तिनीहरूको सेवाकाइद्वारा असंख्य मानिसहरू परमेश्वरको राज्यमा थपिए।



*बर्मामा सुसमाचार प्रचारकार्यका अग्रगामी मिसनरी एडोनिराम जडसन* (१७८८–१८५०)

## रिट्श्लको दर्शन

उन्नाइसौँ शताब्दीको उत्तरार्धमा रिट्श्लको दर्शनले प्रोटेस्टेन्ट चिन्तनमाथि गहिरो प्रभाव पार्न थाल्यो। आल्ब्रेख्ट रिट्श्ल (१८२२–१८८९) धार्मिक विश्वासको आधार धार्मिक अनुभव हो भन्ने विषयमा श्लाइअरमाखरसँग सहमत थिए। साथै, धार्मिक अनुभवको सार नैतिक प्रकृतिको हुन्छ भन्ने विषयमा उनी कान्टसँग पनि सहमत थिए। त्यसैले उनको विचारमा ख्रीष्टियमत कुनै सिद्धान्तहरूको प्रणाली (doctrine) होइन; बरु दैनिक जीवनमा व्यवहारमा उतारिने जीवनपद्धति हो। रिट्श्लले परमेश्वरको प्रेमलाई यति धेरै जोड दिए कि परमेश्वरको पवित्रता र न्यायका अवधारणाहरू ओझेलमा परे। उनले आदिम पापको सिद्धान्तलाई अस्वीकार गरे, र त्यसकै कारण हराएकाहरूको दण्डसम्बन्धी शिक्षालाई पनि त्यागे। रिट्श्लका अनुसार परमेश्वरको राज्य भनेको “प्रेमद्वारा प्रेरित मानवजातिको संगठन” हो। उनको विश्वासमा धर्मको लक्ष्य भनेको मानिसले आफ्नो प्राकृतिक बन्धनमाथि विजय प्राप्त गर्नु हो। रिट्श्लको दर्शनले पछि सामाजिक सुसमाचार (Social Gospel) आन्दोलनको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्यायो।

साभार: What On Earth Is God Doing by Renald Showers

**- अध्याय ६ (८ मध्ये) पूरा भयो -**

## उद्धारकर्ता न्यायाधीशको रूपमा

जब उद्धारकर्ता प्रभु येशू ख्रीष्ट फेरि आउनुहुन्छ, उहाँ न्यायाधीशको रूपमा आउनुहुनेछ। त्यस बेला आफ्ना उद्धारको निम्तोलाई अस्वीकार गर्ने पापीहरूलाई उहाँले गर्जनपूर्ण स्वरमा भन्नुहुने, “हे श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र गइहाल” (मत्ती २५:४१) भन्ने वचनले उहाँको पवित्रता र पापप्रतिको उहाँको गहिरो घृणालाई प्रकट गर्नेछ।

चार्ल्स स्पर्जनले भनेका छन्: “जति उहाँको प्रेम पापीहरूप्रति न्यानो छ, त्यति नै उहाँको पापप्रतिको घृणा प्रचण्ड छ। जति उहाँको धार्मिकता सिद्ध छ, त्यति नै हरेक प्रकारको दुष्टताको विनाश पनि पूर्ण हुनेछ।”

पापले श्राप ल्याउँछ (गलाती ३:१०)। तर ख्रीष्टलाई ग्रहण गर्ने सबैका लागि सुसमाचारको आनन्ददायी समाचार यो हो: “उहाँको पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ।” (१ यूहन्ना १:७) शुद्ध हुने अवसर अहिले नै छ। उद्धार पाउने दिन आजै हो।

- Fellowship

## नयाँ जन्म...

नयाँ जन्मको अर्थ बुझ्ने सबैभन्दा सरल उपाय भनेको हामी यस संसारमा शारीरिक रूपमा जन्मने प्रक्रियालाई विचार गर्नु हो। तपाईं गर्भधारण हुनुभन्दा अघि यस संसारमा अस्तित्वमा हुनुहुन्थेन। गर्भधारण हुँदा तपाईंले आफ्ना आमाबुबाबाट जीवन प्राप्त गर्नुभयो। त्यसपछि तपाईं जन्मनुभयो, यस संसारको नागरिक बन्नुभयो, र बिस्तारै यस संसारको ज्ञान, अनुभव र विशेषाधिकारहरूमा बढ्दै जानुभयो।

ठीक त्यसैगरी, परमेश्वरको जीवन प्राप्त नगरेसम्म आत्मिक संसारमा तपाईंको कुनै अस्तित्व हुँदैन। जब तपाईंले परमेश्वरको जीवन प्राप्त गर्नुहुन्छ, तब उहाँले तपाईं आत्मिक रूपमा जन्मनुभएको घोषणा गर्नुहुन्छ। त्यसपछि तपाईं आत्मिक संसारको ज्ञान र त्यसका आशिष्हरूमा बढ्दै जानुहुन्छ।

जसरी यस संसारको एउटा बालक आफ्ना आमाबुबाको इच्छाअनुसार जन्मन्छ, त्यसरी नै परमेश्वरको सन्तान पनि परमेश्वरको जीवनरूपी वरदानलाई स्वेच्छाले ग्रहण गरेर परमेश्वरको इच्छाअनुसार जन्मन्छ। आफू पापी हुँ भन्ने कुरा बुझ्नु मात्र पर्याप्त छैन; त्यो त केवल सुरुआत हो। त्यसपछि तपाईंले अनन्त जीवनको त्यो वरदान ग्रहण गर्नुपर्छ, जुन परमेश्वरले कलवरीमा ख्रीष्टको मृत्युद्वारा तपाईंका लागि उपलब्ध गराउनुभएको छ। - God's Order

## बाइबलका 'परमप्रभु' को हुनुहुन्छ?

उहाँ **सृष्टिकर्ता** हुनुहुन्छ — "सबै थोकहरू बनाउनुहुने परमप्रभु म नै हुँ, जसले एक्लैले आकाश फैलाउनुहुन्छ र जसले आफैले पृथ्वी फिँजाउनुहुन्छ।" (यशैया ४४:२४)

उहाँ नै **परमेश्वर** हुनुहुन्छ — "प्रथम म नै हुँ, र अन्तिम पनि म नै हुँ; अनि मबाहेक अरू कुनै परमेश्वर छैन।" (यशैया ४४:६)

उहाँ **उद्धारकर्ता** हुनुहुन्छ — "हे पृथ्वीका छेउछेउका मानिसहरूहो, मलाई हेर, र उद्धार पाओ; किनकि परमेश्वर म नै हुँ, र अरू कोही पनि छैन।" (यशैया ४५:२२)

उहाँ विश्वका **न्यायाधीश** हुनुहुन्छ — "किनकि उहाँ आउनुहुन्छ; किनकि उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ; उहाँले संसारको न्याय धार्मिकतामा र जातिजातिका मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ।" (भजनसंग्रह ९६:१३)

पहिले म परमेश्वरलाई, 'आएर मलाई सहायता गर्नुहोस्' भन्थें। त्यसपछि, 'के म आएर तपाईंलाई सहायता गर्न सक्छु?' भन्न थालें। अन्ततः म यसमा पुगें—'हे परमेश्वर, तपाईंको आफ्नै काम ममार्फत गर्नुहोस्।' - J. Hudson Talyor

## चराले बाटो कसरी पत्ता लगाउँछ?

आजका आधुनिक विमानहरूले इलेक्ट्रोनिक प्रणालीद्वारा दिशानिर्देशन गर्छन्। तिनीहरूले रेडियो वा उपग्रहबाट आउने सङ्केतहरू ग्रहण गर्छन्, र जटिल उपकरणहरूले ती सङ्केतहरूको विश्लेषण गरी चालकलाई आफ्नो स्थान बताउँछन्।



तर हामीलाई धेरै वर्षदेखि थाहा छ कि चराहरू कुनै पनि यान्त्रिक उपकरणको सहायता बिना नै विशाल दूरी पार गर्दै आफ्नो गन्तव्यमा पुग्न सक्छन्। यस अचम्मलाग्दो क्षमताको एउटा परीक्षणमा, बेलायतको वेल्सको समुद्री तटमा गुँड बनाउने म्यान्क्स शियरवाटर (Manx Shearwater) जातिका केही चराहरूलाई चिन्ह लगाई तिनीहरूको सामान्य विचरण क्षेत्रभन्दा निकै टाढाका विभिन्न स्थानहरूमा लगेर छोडियो। तीमध्ये एउटालाई आफ्नो गुँडदेखि करिब ५,००० किलोमिटर टाढा अमेरिकाको बोस्टन शहरमा छोडियो। केवल साढे बाह्र दिनमै त्यो चरा आफ्नो गुँडमा फर्कियो। उसले प्रतिदिन करिब ४०० किलोमिटर यात्रा गरेको थियो, जबकि उसलाई छोडिएको स्थानमा ऊ पहिले कहिल्यै पुगेको थिएन। अझ के उल्लेखनीय छ भने, चराको ज्ञात उडान गतिलाई आधार मान्दा उसले विशाल खुला महासागरमाथिबाट सिधै आफ्नो गुँडतर्फ उडेको हुनुपर्छ।

उसले यो कसरी गऱ्यो, कसैलाई थाहा छैन। के चराहरूको यस्तो अद्भुत दिशानिर्देशन प्रणाली "आफैँ संयोगवश" अस्तित्वमा आएको हुन सक्छ? बाइबल र विज्ञान—दुवैले यसको उत्तर "होइन" दिन्छन्।

- A Closer Look At The Evidence, Richard & Tina Kleiss

"हे परमप्रभु, तपाईंले अधर्महरूको लेखा लिनुभयो भने त, हे प्रभु, को खडा रहन सक्ला? तर तपाईंसित पाप-क्षमा छ, जसले गर्दा तपाईंको डर मानियोस्।" (भजनसंग्रह १३०:३-४)